# बैठक नं. ७५

आज मिति २०७७ असार ०९ गते मंगलबार विहान ८:०० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, वडा नं. १० स्थित नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमकोउपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती रिजाल (खड्का) | |
| ३ | सचिव | श्री ध्रुवराज आचार्य | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बानियाँ | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा न. ७ | श्री राजकुमार माली | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १७ | सदस्य | श्री सरस्वती परियार | |
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, सचिवालय | श्री संजिता लामा | |

निर्णय नं.१

बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको यस नगरपालिकाको आगामी आ.व. २०७७/०७८ को लागि नीति तथा कार्यक्रमको मस्यौदा उपर छलफल गरियो र उक्त नीति तथा कार्यक्रम उपर वडासमितिमा छलफल गरी संशोधन तथा परिमार्जन गर्नुपर्ने गर्नुपर्ने भएमा संशोधन, परिमार्जन गर्नुपर्ने विषयलाई नगरसभाको बैठकमा संशोधन प्रस्ताव सहित पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.२

स्थानीय तहका निर्वाचित पदाधिकारी तथा सदस्यहरुको आ.व.२०७६/०७७ को कार्तिकदेखि चैत्रसम्मको सुविधा भुक्तानी गर्न मिल्ने/नमिल्ने विषयमा बागमती प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय र मुख्य न्यायाधीवक्ताको कार्यालयमा आवश्यक निर्देशन माग गरिएकोमा हालसम्म पनि निर्देशन प्राप्त नभएको तथा छिमेकी स्थानीय तहहरुले उक्त अवधीको सुविधा भुक्तानी गरेको पाइएकोले यस नगरपालिकाका निर्वाचित पदाधिकारी तथा सदस्यहरुको आ.व. २०७६/०७७ को कार्तिक महिनादेखि चैत्र महिनासम्मको सुविधा पनि हिसाब यकिन गरी उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.३

यस कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित सूचना बमोजिम राहत स्वरुप चामल बिक्रिका लागि सम्बन्धित वडाले स्वयमं वा वडाको समन्वयमा प्रति ३० के.जी बोरो रु.१०० मा बिक्रि वितरण गर्ने गराउने र बिक्रि गरे बापतको रकम यस नगरपालिकाले स्थापना गरेको आकस्मिक कोषमा राख्ने निर्णय गरियो ।

निर्णय नं.४

कीर्तिपुर नगरपालिका वडा नं.७ को कार्यालयको मिति २०७७/०३/०८ गतेको प्राप्त पत्रानुसार यस कीर्तिपुर नगरपालिका, वडा नं. ७ स्थित ईटागोलको सम्पदा बस्ती देखि गरुद स्थान सम्म जाने बाटोको स्तरउन्नती गरी ढुङ्गा/ब्लक छपाई गर्ने साथै बस्ती भित्र रहेको पाटीमा पौराणिक शैली झल्काउने ईट्टा समेत टास्ने वडाको गरवको योजनाको लागि रु.२२,००,०००।– (अक्षेरुपी बाईस लाख मात्र) विनियोजन गरी उपभोक्ता समितिबाट ब्लक छपाई, पाटी मर्मत तथा बाटो ढलानको कार्य भैईरहेकोमा ईटागोलको पूर्वी खण्डमा हाल सम्म ढल निकास नभएकोले खानेपानी तथा सर-सफाई डिभिजन नं.५, भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश.३ भक्तपुरको आर्थिक सहयोगमा, चिखु - ढल्पा ढल निकास आयोजनामा तत्कालै उक्त क्षेत्रमा ढल

निकासको योजना तथा ढल राखी मात्र ढलान कार्य अगाडि बढाउन पर्ने भएकोले चिखु – ढल्पा ढल निकास उ.स.गढन गरी ढलको काम संचालन गरेको तर पहिला ढलान गर्दा बिच्छाएको ग्रावेल ढल खन्दा पुरिएको हुदाँ फेरी ग्रावेल बिच्छाई ढलान गर्नु पर्ने अति आवश्यक देखिएको र हालको वर्षातको पानीले बाटो हिलो भई आवतजावत गर्न ज्यादै कठिनाई भएकाले उक्त हिलोमाटो झिकी ग्रावेल विच्छाई गरुद स्थानसम्म ढलान कार्य गर्न भनी वडा समितिको निर्णय र स्थानीयवासीहरुको सहिछाप सहितको निवेदन संलग्न गरी पठाइएको हुदाँ उक्त कार्य गर्न आवश्यक देखिएकोले नपुग बजेट समेत थप गरी कार्य अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं.५

सबै वडाका चालू आ.व.को स्वीकृत योजना तथा कार्यक्रमहरु सम्पन्न गरी २०७७/०३/२१ सम्म भुक्तानीका लागि सिफारिस गरी पठाउने र चालू आ.व.मा शुरु भई कोरोना र लकडाउनका कारण सम्पन्न हुन नसकेका योजना तथा कार्यक्रमहरुको हकमा भुक्तानी हुन बाँकी रकम यकिन गरी वडा समितिबाट निर्णय गराई क्रमागत योजनाको सूचीमा समावेश गरी नगरसभामा पेश गर्ने निर्णय गरियो ।